नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोक

## ल्यापटप कम्प्युटर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२।०६।१७)

यस केन्द्रलाई आवश्यक ल्यापटप कम्प्युटरहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म/संस्था/कम्पनीहरुबाट यो सूचना तथा दरभाउपत्र फाराममा उल्लेखित शर्त एवं रीत पुरा गरी मिति २०७२।०७।०१ भित्र यस केन्द्रबाट दरभाउपत्र खरिद गरी मिति २०७२।०७।०२ गते मध्यान्ह १२:०० बजे भित्र यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ। साथै e-bidding का लागी www.bolpatra.gov.np मा हेर्नुहुन पनि सुचीत गरिन्छ।

**तपशील:**

| सि.नं. | दरभाउपत्र नं. | विवरण |
|---|---|---|
| १ | १-०७२।०७३ | A complete set of Laptop Computers with Accessories — १० थान |

**शर्तहरु :**

१. दरभाउपत्र फारम रु. ३००।– (तिन सय) फिर्ता नहुने गरी नगद बुझाइ मिति २०७२।०७।०१ सम्म कार्यालय समयमा फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता र स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र तथा आ.व. २०७०/०७१ सम्मको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि सक्कल निवेदन पेशगरी मात्र यस केन्द्रको भण्डार फाँटबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र मिति २०७२।०७।०२ (बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) मध्यान्ह १२:०० बजेसम्ममा खामको वाहिर प्याकेज नं., दरभाउपत्र नं., कार्यको विवरण तथा सम्बन्धित फर्मको नाम, ठेगाना, फोन नं. उल्लेख गरी, यस केन्द्रमा दर्ता गर्न सकिनेछ ।

३. दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र साथ रु. २०,०००।—(बिस हजार मात्र) रकम धरौटी बापत कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेको नाममा राष्ट्रिय बाणिज्य बैंक, धुलिखेलमा रहेको ख. ३ धरौटी खाता नं. १०४०२०३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सोही रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको यस केन्द्रको नाममा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको ढाँचा (Tender Document मा भएको ढाँचा) मा जारी गरेको बैंक जमानीपत्र (Bid-Bond) संलग्न हुनुपर्नेछ ।

४. दरभाउपत्रदाताले दरभाउ पत्र साथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण सहितको आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७०/०७१ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित कम्पनीको अधिकृत बिक्रेता वा आधिकारिक बिक्रि वितरण गर्न इजाजत प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ ।

५. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि ४५ (पैंतालिस) दिनसम्म हुनेछ ।

६. दरभाउपत्रदाताले परिमाणको मुल्य पत्र (BOQ) मा मूल्य अभिवृद्धिकर (VAT) बाहेक तिर्नुपर्ने सबै कर र अन्य शुल्क समावेश गरी अंक र अक्षर दुवैमा स्पष्टसंग आइटमवाइज दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. यस सूचनाको म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७२।०७।०२ (बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) दिनको १४:०० बजे यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेलमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. सार्वजनिक खरिद सम्बन्धी ऐन, २०६३ र सोको नियम २०६४ (संशोधन सहीत) बमोजिम रीत नपुगेको दरभाउपत्रमा कुनै कारवाही गरिने छैन ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।

१०.स्वीकृत दरभाउपत्रदाताले सम्झौता भएको ३५ (पैतीस) दिनभित्र तोकिएका यन्त्र उपकरण यस केन्द्रमा आपूर्ति गरिसक्नु पर्नेछ ।

११.यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुने छन् ।

१२.सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस केन्द्रमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।